नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ५४६

मितिः२०८३/०३/३२

ने.सं. ११४६

श्री स्थानीय तह सबै

विषयः आयोगबाट दिइएका सुझाव कार्यान्वयनको प्रगति विवरण सम्वन्धमा ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुशन्धान आयोगको प.सं.म.१०-२०८२/८३, च.नं.८४८८६, मिति २०८३/३/२५ को पत्रमा वुँदा नं.६ मा स्थानीय तहमा आफूखुसी नियम प्रकृयाविपरित कानूनी सल्लाहाकार नियुक्ति गर्ने गराउने तथा कानूनी परामर्श सेवा खरिद गर्ने गराउने परिपाटीलाई नियमन गर्न कानून अधिकृत तथा कानूनी परामर्श सेवा खरिद गर्दा मौजुदा प्रचलित कानूनी प्रवाधान बमोजिम गरी गराई कार्यालयको वास्तविक कार्यबोझ आवश्यकता र औचित्यको आधारमा मात्र आवश्यक जनशक्ति गरी गराई कार्यसम्पादन गर्ने व्यवस्था हुन उपयुक्त हुने सुझाव प्राप्त हुन आएकोले आयोगको पत्र यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८३/३/३२

.....................

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुशन्धान आयोग

टङ्गाल, काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं



पत्र सङ्ख्या :-
चलानी नं. :-

| | | | |
|---|---|---|---|
| | | | आवश्यक कदम उठाई मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) को कार्यान्वयन गर्न कानुनबमोजिम जो-जे गर्नुपर्ने सो गर्ने। |
| ५. | २०८२-११-१३ | जग्गाधनी टिकाप्रसाद गुरौको नामबाट हदबन्दीमा प्राप्त भएको जिल्ला नवलपरासी, साबिक जमुनिया गा.वि.स., वडा नं. ६ को कित्ता नं. ८ जग्गाको मोही भुवनेश्वरप्रसाद चौधरी भएको र उक्त जग्गाको पूर्वतर्फको जग्गा मोहीको भागमा छोडी पश्चिमतर्फको जग्गा हदबन्दी प्राप्त गर्ने निर्णय भएकोमा मोहीको हकको जग्गासमेत २०६८ सालमा विभिन्न व्यक्तिलाई बिक्री वितरण गरेको साथै, १० वार्षिक किस्तामा बुझाउने निर्णय भएको क्षतिपूर्ति नियमित रूपमा नबुझाई ७ वर्षपछि एकमुस्ट असुल गरी जग्गा दा.खा. गरेको भन्नेसमेत। | जिल्ला नवलपरासी, साबिक जमुनिया गाउँ विकास समिति, वडा नं. ६ को कित्ता नं. ८ ज.वि. ११-१७-४ मध्ये पूर्वतर्फ ज.वि. ७-३-१७ छोडी पश्चिमतर्फ ज.वि. ४-३-७ प्राप्त गर्ने गरी तत्कालीन भूमिसुधार कार्यालय, नवलपरासीबाट मिति २०४३-१०-२७ गते निर्णय भएकोमा भूमिसुधार कार्यालय, नवलपरासीबाट उक्त कित्ता नं. ८ ज.वि. ११-१७-४ जग्गाबाट कित्ताकाट गरी विभिन्न व्यक्तिहरूलाई बिक्री वितरण गरेको, उक्त कित्ता नं. ८ कित्ताकाट हुँदै कायम भएको कित्ता नं.९३५ क्षेत्रफल ०-२-९ र कित्ता नं.९३६ क्षेत्रफल २-२-९ जग्गा साविक जग्गाधनी टिकाप्रसाद थारु गुरौ कै नाममा हालसम्म पनि जग्गाधनी दर्ता स्रेस्ता कायम नै रहिरहेको र उक्त कित्ता नं. ९३५ र ९३६ को जग्गा मालपोत कार्यालय, नवलपरासीबाटै रोक्कासमेत राखेको देखिएकाले हदबन्दीमा प्राप्त भएको उक्त जग्गा बिक्री वितरण गरेको सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१, मालपोत ऐन, २०३४ तथा प्रचलित कानुनबमोजिम आवश्यक कदम उठाउने। |
| ६. | २०८२-०५-२० | जिल्ला काठमाडौं, तारकेश्वर नगरपालिकामा आ.व. २०७९/८० मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(८) मा तोकिएको भन्दा फरक पदमा कानुनी सल्लाकार भनी मेयर र उपमेयरले कानुनी सल्लाकार नियुक्ति गरेर सोबापत निश्चित प्रतिशत लिएको भन्नेसमेत। | स्थानीय निकायहरूमा आफूखुसी नियम प्रक्रियाविपरीत कानुनी सल्लाहकार नियुक्ति गर्ने गराउने तथा कानुनी परामर्श सेवा खरिद गर्ने गराउने परिपाटीलाई नियमन गर्न कानुन अधिकृत तथा कानुनी सल्लाहकार नियुक्ति गर्दा वा कानुनी परामर्श सेवा खरिद गर्दा मौजुदा प्रचलित कानुनी प्रावधानबमोजिम गरी गराई, कार्यालयको वास्तविक कार्यबोझ, आवश्यकता र औचित्यको आधारमा मात्र आवश्यक जनशक्ति व्यवस्थापन गरी गराई कार्यसम्पादन गर्ने गराउने व्यवस्था मिलाउन सबै स्थानीय तहहरूमा परिपत्र गर्न उपयुक्त देखिएको हुँदा सोतर्फ आवश्यक कदम उठाउने। |
| ७. | २०८२-१०-२१ | मालपोत कार्यालय तथा नापी कार्यालय, भरतपुर, चितवनका कर्मचारीहरू समेतको मिलिमतोमा आर्थिक चलखेल गरी नेपाल सरकारको मन्त्रीस्तरीय निर्णयविपरीत अंशवण्डाबाहेक | विभिन्न जग्गाहरू पटक पटक कित्ताकाट गरेको सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट जारी गरिएको निर्देशनको जानकारी हुँदाहुँदै उक्त निर्देशनको अवज्ञा हुनेगरी कामकाज गरेको देखिँदा सेवा, सर्त र सुविधासम्बन्धी कानुनअनुसार जो जे बुझ्नुपर्ने हो बुझी छानबिन गरी कानुनबमोजिम कारवाही गर्ने। |


फोन नं : ०१-५२६२-१८०/१५१/०८८, टोल फ्रि नं.: १६६०-०१-२२२३३, हटलाइन नं : १०७, पो बक्स नं : ९९९६
Web: www.ciaa.gov.np, E-mail: info@ciaa.gov.np